## पाठ ५८

१.ठूलो भीडले येशूलाई किन पछ्यायो ?

- किनभने तिनीहरू येशूले बिरामी मानिसहरूमा गरेका जस्तै अरू धेरै चमत्कारका कामहरू देख्न चाहन्थे ।

२. जब येशूले मानिसहरूलाई खुवाउन सुरू गर्नुभयो तब कतिवटा रोटीका टुक्रा र माछा उहाँसँग थिए ।

- पाँचवटा रोटी र दुईवटा माछा ।

३.पाँचवटा रोटी र दुईवटा माछालाई येशूले कतिजनालाई खुवाउनुभयो ?

- पाँच हजारभन्दा बढी मानिसलाई ।

४. पाँचवटा रोटी र दुईवटा माछाबाट पाँच हजार बढी मानिसलाई खुवाउन येशू कसरी सक्षम हुनुभयो ।

- किनभने येशू परमेश्वर हुनुहुन्छ ।
- किनभने येशू सबै थोक गर्न सक्नुहुन्छ ।

५. मानिसहरू किन येशूलाई राजा बनाउन चाहन्थे ।

- किनभने तिनीहरू येशूले हर समय तिनीहरूलाई खाना दिनुहोस् भन्ने चाहन्थे ।

६. येशूले किन मानिसहरूको राजा बन्ने चाहना राख्नुभएन ?

- किनभने येशूलाई मानिसको हृदय दुष्ट्याँइले भरिएको छ भन्ने थाहा थियो ।
- किनभने येशूलाई मानिसहरूले उहाँसँग केवल रोटी मागिरहेका छन् भन्ने थाहा थियो ।

७. परमेश्वरले इज्रेलीहरूलाई मरुभूमिमा दिनुभएको मन्न र येशू कसरी उस्तै हुनुहुन्थ्यो ?

- जसरी मन्न स्वर्गबाट आएको थियो येशू पनि स्वर्गबाट आउनुभएको थियो ।
- जसरी मन्न केवल परमेश्वरबाट दिइएको थियो त्यसरी नै येशू पनि केवल परमेश्वरबाट दिइनुभएको थियो ।
- जसरी इज्रेलीहरू मन्न बिना मर्ने थिए त्यसरी मानिसहरू पनि येशू बिना मर्ने थिए ।

- एकदिन केही फरिसी र व्यवस्थाका शिक्षकहरू येशूकहाँ आए ।

आउनुस् मर्कूस ७:१५ पद पढौं ।

> 15 यस्तो केही कुरा छैन जो कुनै मानिस भित्र बाहिरबाट पस्छ जसले उसलाई अशुद्ध पार्छ। तर मानिसको भित्रबाट बाहिर आउने कुराहरूले नै मानिसलाई अशुद्ध पार्न सक्छ।”

- फरिसी र व्यवस्थाका शिक्षकहरू येशूका चेलाहरूसँग किन रिसाए ?
- किनभने येशूका चेलाहरूले बूढाहरूले राखेको परम्परा मानेनन् ।

- बूढाहरूको परम्परा के थियो ?

- ती परम्पराहरू फरिसीहरूले बनाएका थिए र भन्ने गर्थे कि परमेश्वरबाट स्वीकार्य हुनलाई तिनको पालना गर्नै पर्छ ।

- के हामीले राखेका परम्पराअनुसार परमेश्वरले हामीलाई स्वीकार गर्नुहुन्छ ?
- हुदैन ।

- किनभने फरिसीहरूले आफूले राखेका परम्पराहरू कायम राखे र विचार गरे कि परमेश्वरले ती सबै अनुमोदन गर्नुभयो ।

- यद्यपि फरिसीहरूले सबै परम्पराहरू बनाए तर तिनीहरूको हृदयमा दुष्ट्याइँ थियो ।

- के परम्पराहरू कायम राख्दैमा हाम्रो हृदय शुद्ध हुन्छ ?
- हुँदैन ।

- येशूले फरिसीहरूलाई के जवाफ दिनभयो ?

आउनुस् मर्कूस ७:६ पद पढौं ।

6 येशूले जवाफ दिनुभयो, "तिमीहरू सबै कपटीहरू हौ। यशैयाले तिमीहरूको विषयमा ठीकै भनेका छन्।यशैयाले लेखेका छन्: 'यी मानिसहरूले तिनीहरूको ओठद्वारा मलाई आदर गर्छन्, तर तिनीहरूका हृदय मदेखि धेरै टाढा छन्।

- येशूले फरिसीहरूलाई ढोङ्गी भन्नुभयो ।

- ढोङ्ग के हो ?

- ढोङ्गी भनेको त्यो हो जसको भनाइ र गराइ एक हुँदैन बिल्कुल फरक हुन्छ ।

- येशूले यो पनि भन्नुभयो कि तिनीहरूको बारेमा यशैया अगमवक्ताले भनेको कुरा सही छ ।

- यशैया अगमवक्ताले यी मानिसहरूको बारेमा के भनेका थिए ?

- यशैया अगमवक्ताले यी मानिसहरूलाई तिनीहरूका ओठले परमेश्वरमा विश्वास गरेका छौं त भन्छन् तर तिनीहरूको हृदय परमेश्वरभन्दा धेरै टाढा हुन्छ भनेका छन् ।

- तिनीहरूका मुखले मात्रै परमेश्वरमा विश्वास गर्छु भन्नेहरूलाई के परमेश्वरले स्वीकार गर्नुहुन्छ ?
- गर्नुहुन्न ।

- येशूले अरु थप कुरा फरिसीहरूलाई के भन्नुभयो ?

आउनुस् मर्कूस ७:७-९ पद पढौं ।

7 तिनीहरूको मप्रतिको उपासना अर्थहिन छ, किनभने तिनीहरूले सिकाएका कुराहरू,
केवल मानिसहरूले बनाएका नियममात्र हुन्।' 8 तिमीहरूले परमेश्वरको आज्ञालाई त्यागेकाछौ,
अनि तिमीहरू मानिसहरूको परम्परा मान्दछौ।" 9 तब येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू
ठान्दछौ तिमीहरू चलाख छौ। तिमीहरू आफ्ना परम्परालाई कायम राख्न परमेश्वरको आज्ञालाई पर
सार्छौ।

- येशूले भन्नुभयो फरिसीहरूले परमेश्वरको पूजा व्यर्थमा गर्छन् ।

- फरिसीहरूले परमेश्वरको पूजा कसरी व्यर्थमा गर्छन् ?
- किनभने परमेश्वरले तिनीहरूको पूजा स्वीकार गर्नुहुन्न ।

- फरिसीहरूले गरेको पूजा किन परमेश्वरले स्वीकार गर्नुहुन्न ?

- किनभने तिनीहरूको पूजा केवल ओठबाट निस्किन्थ्यो तर हृदयबाट होइन ।

- के परमेश्वरले मानिसहरूले तिनीहरूका परम्परा उहाँको पुस्तक बाइबलमा हालून् भन्ने चाहनुहुन्छ ?
- चाहनुहुन्न ।

- हामीले परमेश्वरले बाइबलमा भन्नुभएको कुरामा केही पनि थप वा घट गर्नु हुँदैन ।

- येशूले फरिसीहरूलाई यति भनिसकेपछि भीडले उहाँलाई बोलायो ।

आउनुस् मर्कूस ७:१४-१५ र १७-१९ पद पढौं ।

14 येशूले फेरि भीडहरूलाई आफूकहाँ बोलाउनुभयो। उहाँले भन्नुभयो, "प्रत्येकले राम्ररी सुन मेरा कुरा बुझ्नु
पर्छ। म के भनिरहेछु। 15 यस्तो केही कुरा छैन जो कुनै मानिस भित्र बाहिरबाट पस्छ जसले उसलाई
अशुद्ध पार्छ। तर मानिसको भित्रबाट बाहिर आउने कुराहरूले नै मानिसलाई अशुद्ध पार्न सक्छ।"

[17] त्यसपछि येशूले भीडलाई छाडेर घर जानुभयो। चेलाहरूले उहाँलाई त्यो दृष्टान्त बारेमा सोधे।
[18] येशूले भन्नुभयो, "के तिमीहरूलाई अझै पनि यो बुझ्न गाह्रो परिरहेछ? के तिमीहरू जान्दैनौ कि
कुनै मानिसमा जे पनि बाहिरबाट पस्छ त्यसले उसलाई अशुद्ध पार्न सक्तैन [19] किनभने खाना
मुटुभित्र जाँदैन तर भूँडीमा जान्छ अनि तब यो शरीरबाट बाहिर नालीमा आउँछ।" (जब येशूले यसो भन्नुभयो उहाँले यस कुरालाई स्पष्ट पार्नु भयो कि सबै खाद्यपदार्थ सफा हुन्छन्।)

- भीडलाई येशूले के भन्नुभयो ?

- बाहिरबाट पस्ने कुनै पनि चिजले मानिसलाई अशुद्ध पार्दैन भनी येशूले भन्नुभयो ।

- येशूले भन्नुभएको कुराको अर्थ के थियो ?

- मानिसहरू अशुद्ध हात वा अशुद्ध खानाले गर्दा अशुद्ध हुँदैनन् भनी येशूले भन्न खोज्नुभएको थियो ।

- अशुद्ध हात वा अशुद्ध खाना खाएर मानिसहरू किन अशुद्ध हुँदैनन् ?

- किनभने अशुद्ध हात वा खानाले हाम्रो हृदय छुँदैनन् ।

- येशूले भन्नुभयो अशुद्ध हात वा अशुद्ध खाना हाम्रो पेटमा पुग्छन् र खलास भइहाल्छन् हाम्रो हृदयलाई छुँदैनन् ।

- हामीले के खाएको भन्ने कुराले परमेश्वरमा स्वीकारयोग्य बनाउँछ ?
- बनाउँदैन ।

- हामीले के नखाएको भन्ने कुराले परमेश्वरमा स्वीकारयोग्य बनाउँछ ?
- बनाउँदैन ।

- हामीले के लाएको भन्ने कुराले परमेश्वरमा स्वीकारयोग्य बनाउँछ ?
- बनाउँदैन ।

- हामीले के नलाएको भन्ने कुराले परमेश्वरमा स्वीकारयोग्य बनाउँछ ?
- बनाउँदैन ।

- येशूले अरू के भन्नुभयो ?

आउनुस् मर्कूस ७:२०-२३ पद पढौं ।

[20] फेरि येशूले भन्नुभयो, "जे कुराहरू मानिसबाट बाहिर निसकन्छ त्यसैले उसलाई अशुद्ध
तुल्याउँछ। [21] सबै अशुद्ध कुरा मानिसका भित्रबाटै आउँछ ती पाप, चोरी, हत्या [22] वेश्यागमन,
कुदृष्टि, स्वार्थीपन, निन्दा, धोका, अश्लीलता, ईर्ष्या, अभद्रता, अहंकार, घमण्ड अनि मूर्खता हुन्। [23] यी
सबै दुष्ट कुराहरू मानिसका भित्रबाटै निस्कन्छन् अनि मानिसलाई अशुद्ध तुल्याउँछ।"

- के कुराले मानिसलाई अशुद्ध पार्छ भनी येशूले भन्नुभयो ?

- मानिसको भित्र जे कुरा छ त्यसले मानिसलाई अशुद्ध पार्छ भनी येशूले भन्नुभयो ।

- मानिसको भित्र के छ जसले मानिसलाई अशुद्ध पार्छ ?
- उसको हृदय ।

- किनभने आदम र हव्वाले अदनको बगैंचामा पाप गरे त्यसैले तिनीहरूको हृदय अशुद्ध भयो ।

- कयिन र हाबिल अशुद्ध हृदयमा जन्मिएका थिए ।

- अब्राहाम, इसहाक, याकूब सबैजना अशुद्ध हृदयमा जन्मिएका थिए ।

- सबै मानिसहरू अशुद्ध हृदयमा जन्मिएका हुन्छन् ।

- किनभने सबै मानिसहरू अशुद्ध हृदयमा जन्मिएका हुन्छन् त्यो अशुद्धता हाम्रो हृदयबाट आउँछ ।

- के येशूले हाम्रो हृदयमा भएको दुष्ट्याइँलाई देख्नुहुन्छ ?
- देख्नुहुन्छ ।

- परमेश्वर हाम्रो हृदयमा भएको सबै अशुद्धता देख्नुहुन्छ ।

- हामी हरेकको हृदयभित्र हुने दुष्ट्याइँ के हो ?

- दुष्ट विचार, यौनिक अनाचार, चोरी, हत्या, व्यभिचार, लोभ, निर्दयी, छल, अश्लीलता, इर्श्या, अनादर र मूर्ख्याइँ ।

- त्यसपछि येशूले मानिसहरूलाई एउटा दृष्टान्त भन्नुभयो ।

आउनुस् लूका ११:९-१२ पद पढौं ।

[9]फेरि म तिमीहरूलाई भन्दछु, माग अनि तिमीहरूलाई दिइनेछ, खोज अनि तिमीहरू पाउनेछौ, ढक्ढकाउ
अनि तिमीहरूको निम्ति ढोका उघारिनेछ। [10]किनभने हरेक जसले माग्दछ, उसले पाउँदछ, अनि जसले
खोज्दछ उसले भट्टाउँछ। अनि जसले ढक्ढकाउँछ, उसको निम्ति ढोका उघारिनेछ। [11]तिमीहरू मध्ये
कसको छोरो होला? यदि तिम्रो छोरोले माछा माँगे, तिमी उसलाई के दिन्छौ? के तिम्रो पुत्रलाई तिमी सर्प
दिन्छौ अँहँ! तिमी उसलाई माछा नै दिन्छै। [12]अथवा, तिम्रो पुत्रले अण्डा माग्यो भने, त्यसलाई के बिच्छी
दिन्छौ? अँहँ !

- येशूले भन्नुभएको दष्टान्तमा प्रार्थना गर्न मन्दिरमा गएका दुईजना मानिसहरू को हुन् ?

- एकजना फरिसी र अर्को कर सङ्कलक ।

- फरिसी आफैले आफ्नो बारेमा के सोच्थ्यो ?

- फरिसीलाई लाग्थ्यो कि उसको हृदय चोखो छ ।

- फरिसीलाई किन उसको हृदय चोखो छ भन्ने लाग्थ्यो ?

- किनभने उसले पूर्खाहरूको परम्परा धानेको थियो ।
- किनभने ऊ सातामा दुई दिन उपवास बस्थ्यो ।
- किनभने ऊ आफ्नो कमाइको दशांश मन्दिमा दिन्थ्यो ।

- फरिसीहरू धेरै घमण्डी थिए ।

- उसले सोच्यो कि ऊ एकदमै असल मान्छे थियो ।
- उसले सोच्यो कि उसले गरेका सबै काम असल थिए ।
- उसले सोच्यो कि ऊ अरू मानिसहरूभन्दा असल थियो ।

- फरिसीहरूले सोच्दैनथ्यो कि उसलाई कुनै उद्धारकर्ताको खाँचो छ ।

- कर सङ्कलकको बारेमा के कुरा थियो ?

आउनुस् लूका १८:१३ पद पढौं ।

[13] "त्यो महसूल उठाउने एक्लै अलि पर उभिरहेको थियो। जब त्यसले प्रार्थना गर्यो, त्यसले स्वर्गपट्टी पनि हेरेन। त्यसले परमेश्वरको अघि आफूलाई अति तुच्छ पायो। त्यसले भन्यो, 'हे परमेश्वर, म प्रति दया गर्नुहोस्। म एउटा पापी हुँ।'

- कर सङ्कलक आफ्नो बारेमा के विचार गर्थ्यो ?

- कर सङ्कलकलाई उसको हृदय अशुद्ध छ भन्ने थाहा थियो ।

- कर सङ्कलकलाई उसको हृदय अशुद्ध छ भन्ने कुरा कसरी थाहा भयो ?

- किनभने उसलाई उसका दुष्ट विचारहरू उसको अशुद्ध हृदयबाट आउछन् भन्ने थाहा थियो ।

- कर सङ्कलकलाई ऊ पापी हो भन्ने थाहा थियो र उसले आफूले परमेश्वरको विरुद्धमा पाप गरेको पनि थाहा पाएको थियो ।

- उसलाई ऊ आफैले आफ्नो अशुद्ध हृदय सफा गर्न सक्दैन भन्ने थाहा थियो ।

- उसलाई उसको पापको दण्ड मृत्यु हो भन्ने थाहा थियो ।

- कर सङ्कलकले परमेश्वरलाई बचाउनुहोस् भनी पुकार गर्‍यो ।

- येशूले त्यसपछि के भन्नुभयो ?

आउनुस् लूका १८:१४ पद पढौं ।

[14] म तिमीहरूलाई भन्दछु, जब त्यो घर गयो, त्यो परमेश्वरसँग ठीक थियो। तर त्यो फारिसी, जसले आफूलाई असल हुँ भन्ने सम्झन्थ्यो त्यो परमेश्वरसँग ठीक थिएन। जुन मानिसले आफूलाई ठूलो ठान्दछ त्यो तुच्छ हुनेछ। तर जुन मानिसले आफूलाई तुच्छ ठान्छ त्यो महान हुनेछ।"

- के परमेश्वरले फरिसीलाई स्वीकार गर्नुभयो ?
- भएन ।

- परमेश्वरले किन फरिसीलाई अस्वीकार गर्नुभयो ?

- किनभने फरिसीले उसभित्र अशुद्ध हृदय छ भन्ने कुर स्वीकार गरेन ।

- किनभने फरिसीले उसले परमेश्वरको विरुद्धमा पाप गरेको छ भन्ने कुरा स्वीकार गरेन ।

- के परमेश्वरले कर सङ्कलकलाई स्वीकार गर्नुभयो ?
- गर्नुभयो ।

- परमेश्वरले किन कर सङ्कलकलाई स्वीकार गर्नुभयो ?

- किनभने कर सङ्कलकलाई ऊभित्र अशुद्ध आत्मा छ भनी थाहा थियो ।

- किनभने कर सङ्कलकले परमेश्वरको विरुद्धमा पाप गरेको कुरा थाहा पाएको थियो ।

- किनभने कर सङ्कलकले मलाई बचाउनुहोस् भनी परमेश्वरलाई पुकारेको थियो ।

- दृष्टान्तको अन्तमा येशूले के भन्नुभयो ?

- येशूले भन्नुभयो जसले आफूलाई उहाँको सामुन्नेमा विनम्र तुल्याउँछ त्यसलाई परमेश्वरले माथि उचाल्नुहुनेछ ।

- तर जसले परमेश्वरको सामुन्ने आफ्नै प्रशंसा गर्छ त्यसलाई परमेश्वरले मन पराउनुहन्न ।